# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी भक्तपुर

## कक्षा १२ को मौका परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा **२०७४ असोज २१ गते** संचालन भएको कक्षा १२ मौका परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०७४/०७/१५ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ :

| | |
|---|---|
| सम्मिलित परीक्षार्थी संख्या | ३९४४६ |
| उत्तीर्ण परीक्षार्थी संख्या | ३४५३० |
| उत्तीर्ण प्रतिशत | **८७.५४%** |
| परीक्षाफल स्थगित गरिएका परीक्षार्थी सङ्ख्या | x |
| परीक्षा रद्द गरिएका परीक्षार्थी सङ्ख्या | २ |

**प्रकाशित परीक्षाफल निम्न Web-site मा हेर्न सकिनेछ :**

१. शिक्षा मन्त्रालयको website: www.moe.gov.np
२. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
३. परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.soce.gov.np
४. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
५. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
६. P & P Multimedia प्रा.लि.को website : www.edukhabar.com
७. One Up कम्युनिकेशन को website : www.meroshikshya.com
८. आकाश टेक प्रा.लि. को website : www.inheadline.com

**प्रकाशित परीक्षाफल निम्न SMS बाट प्राप्त गर्न सकिनेछ :**

१. नेपाल टेलिकमको **१६०१** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **१६०१** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. इजि सर्भिस प्रा. लि को **३४९४९** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३४९४९** मा SMS गर्ने ।
४. आकाश टेक प्रा. लि को **३१००३** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३१००३** मा SMS गर्ने ।

**प्रकाशित परीक्षाफल निम्न IVR बाट प्राप्त गर्न सकिनेछ :**

१. नेपाल टेलिकमको **१६०१** मा डायल गरी प्राप्त निर्देशानुसार गर्ने ।

पुनश्चः-

१. उत्तीर्ण परीक्षार्थीहरूलाई वितरण गरिने शैक्षिक प्रमाणपत्रहरू-ट्रान्सक्रिप्ट, माईग्रेसन, प्रोभिजनल र पुरक (**TMPS**) नतिजा प्रकाशित भएको मितिले **१० (दश)** दिन पछि मात्र उपलब्ध गराईनेछ । उल्लेखित शैक्षिक प्रमाणपत्रहरु (**TMPS**) राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरु ( विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र काठमाण्डौं) बाट उपलब्ध गराइनेछ ।

२. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ मौका परीक्षाको नतिजा प्रकाशन पश्चात आफूले प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्कमा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योग गराउनका लागि **रु. ५००।- (पाँच सय)** दस्तुर बुझाई पुनर्योगका लागि **Website** बाट प्राप्त लब्धाङ्कपत्रको प्रतिलिपि सहित नतिजा प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित शाखा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा आवेदन दिइसक्नु पर्ने छ ।

३. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ मौका परीक्षाको नतिजा प्रकाशनका क्रममा कुनै त्रुटि (अनुपस्थित, विषय फरक पर्ने, नाम थर, र.नं. फरक पर्ने आदि) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा तिन महिना भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । **म्याद नाघी आएका निवेदन र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

- परीक्षा नियन्त्रक
मिति : २०७४/०७/१५